फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-३/२०८०/८१

## कृषि कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति: २०८०/०८/१५**

मन्थली नगरपालिकाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास तर्फ तपसिल बमोजिमको कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७९/०९/०५ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित कृषि सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप विवरण | इकाई | परिमाण | अनुदानको विवरण | प्राथमिकता |
|---|---|---|---|---|---|
| १ | अमिलोजात फलफूलको औंसा कीरा नियन्त्रण (सामग्री, विषादी आदि) | पटक | १ | ५० प्रतिशत अनुदान | व्यवसायिक रुपमा खेती गरेका |
| २ | फलफूल/उच्च मूल्ययुक्त बाली/पुष्प/चिया आदिको क्षेत्र विस्तार | पटक | २ | बढीमा ५० प्रतिशत अनुदान | न्यूनतम २ रोपनीमा गर्ने |
| ३ | लागत साझेदारीमा पुष्प नर्सरी स्थापना | संख्या | १ | ५० प्रतिशत वा बढीमा २,००,०००।- | स्थायी संरचना निर्माण गर्न चाहने |
| ४ | लागत साझेदारीमा फलफूल बगैंचा सुदृढीकरण | पटक | २ | बढीमा ५० प्रतिशत अनुदान | न्यूनतम २ रोपनी क्षेत्रफलमा बगैंचा भएको |
| ५ | लागत साझेदारीमा सुन्तलाजात फलफूल नर्सरी स्थापनाको लागि जाली घर निर्माण | संख्या | १ | ५० प्रतिशत वा बढीमा रु. ४,००,०००।- | २ वटासम्म संरचना भएको |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. फर्म/कम्पनीको हकमा: पान नम्बर, र आ.व. २०७९/८० को कर चुक्ता विवरण वा रसिद।
६. कार्यक्रम सञ्चालन हुने जग्गाको क्षेत्रफल खुल्ने जग्गाधनी पूर्जाको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. क्र.सं. १ मा बाहेक अन्य कार्यक्रममा १ भन्दा बढी क्रियाकलापमा निवेदन दिन नपाइने।
९. क्र.सं. १ र २ को कार्यक्रमको हकमा कृषकहरुले व्यक्तिगत रुपमा समेत दरखास्त दिन सक्नेछन्। यसको लागि १, ४, ६ र ७ नं. को कागजात पेश गर्नु पर्ने।

**पूनश्चः चालु आ.व. २०८०/८१ मा नगरपालिकाको कृषि शाखामा सूचीकृत भएका कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाको हकमा निवेदनका साथमा संस्थागत निर्णय मात्र पेश गर्दा हुनेछ।**

गोविन्द कुमार कटेल

शाखा अधिकृत

शाखा अधिकृत